**बैठक नं. ११/२०८२/०८३** **मितिः २०८३।३।९ गते**

**समयः दिनको ११:०० बजे**

आज मिति २०८३ असार ९ गते सोमबारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीको उपस्थितिमा बैठक बसी तपशील अनुसारका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | फोन नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | ९८५१०९९१५६ | |
| २ | श्री विपना कुलुङ | उपाध्यक्ष | ९८६९५७८६८६ | |
| ३ | श्री पर्खिधन राई | १ नं. वडा अध्यक्ष | ९८६२८५७४०१ | |
| ४ | श्री प्रदिप राई | २ नं. वडा अध्यक्ष | ९८६२७५९११० | |
| ५ | श्री दुर्गा बहादुर राई | ३ नं. वडा अध्यक्ष | ९८४२९९९३३४ | |
| ६ | श्री सरस्वती राई | ४ नं. वडा अध्यक्ष | ९८४२८१५१६३ | |
| ७ | श्री महलसिं राई | ५ नं. वडा अध्यक्ष | ९८४२९०४६६२ | |
| ८ | श्री सिद्धिमनि कुलुङ | कार्यपालिका सदस्य | ९८६२३१३८३५ | |
| ९ | श्री सितामाया वि.क. | कार्यपालिका सदस्य | ९७४९७१७६९३ | |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | ९७४२५६४३०७ | |
| ११ | श्री निर कुमारी कुलुङ | कार्यपालिका सदस्य | ९८४२८१९७१२ | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | ९८४४१५८७०० | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | ९८६०८८७७५० | |
| १४ | श्री खरिधन राई | प्र.प्र.अ. | ९८५२८२००३६ | |

**बैठक नं. ११/२०८२/०८३** **मितिः २०८३।३।९ गते**

**समयः दिनको ११:०० बजे**

<u>प्रस्ताव तथा निर्णयहरु</u>

| सि.नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | वजेट तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्ने सम्बन्धमा | यस गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार पारेको आर्थिक वर्ष २०८३/८४ वार्षिक वजेट पारित गरी १८ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो । |
| २ | विद्येयक पारित गरी गाउँ सभामा पेश गर्ने सम्बन्धमा | महाकुलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को लागि प्रस्तावित देहायका विद्येयकहरु पारित गरी १८ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो।<br>१) महाकुलुङ गाउँपालिकाको विनियोजन विद्येयक, २०८२<br>२) महाकुलुङ गाँउपालिकाको आर्थिक विद्येयक, २०८२ |
| ३ | सेवा करारका शिक्षकको म्याद थप गर्ने सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाको विद्यालयहरुमा कार्यरत गाउँपालिका अनुदानका शिक्षकहरुको करार नवीकरण गरी सबै शिक्षकलाई निरन्तरता दिने निर्णय गरियो साथै गुदेल मावि गुदेलमा मावि दरवन्दीमा एक जना शिक्षक दरवन्दी थप गर्ने निर्णय गरियो । |
| ४ | करार सेवाका कर्मचारीको म्याद थप गर्ने सम्बन्धमा | महाकुलुङ गाउँपालिका तथा गाउँपालिका अन्तर्गतका करार सेवाका सबै कर्मचारीको करार सेवा आर्थिक वर्ष २०८३।८४ को लागि थप गरी निरन्तरता दिने निर्णय गरियो । |
| ५ | भ्रमण आदेश स्वीकृत गर्ने | चालु आवमा भएका गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडासदस्यज्यूहरुको कामकाज भ्रमण आदेश स्वीकृत तथा समर्थन गर्ने निर्णय गरियो । |
| ६ | नीति तथा कार्यविधि पारित गर्ने सम्बन्धमा | महाकुलुङ गाउँपालिकाको कार्यालिकाको वैठकमा पेश भएका देहायका नीति तथा कार्यविधी पारित गर्ने निर्णय गरियो ।<br>१) अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमको मूल प्रवाहीकरण तथा दिगोपना नीति, २०८३<br>२) महाकुलुङ गाउँपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका परिचालन, व्यवस्थापन, तथा सेवा सुविधा सम्बन्धी कार्यविधी, २०८३<br>३) अन्य कार्यविधिहरु गाउँसभामा पेश गरी स्वीकृत गर्ने निर्णय गरियो । |
| ७ | योजना रकमान्तर गर्ने सम्बन्धमा । | वडा नं. २ अन्तर्गतको चालु खर्च शिर्षकमा रहेको वजेट देहाय वमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।<br>साविक शिर्षक \| परिवर्तन गरिएको शिर्षक \| वजेट रु. |

| | | |
|---|---|---|
| | | वालवालिका ब्लड ग्रुपिङ तथा कार्ड वितरण \| पेल्माङ आविको फर्निचर लगायतका सामाग्री खरिद \| ७०,००० |
| ८ | शिक्षक कर्मचारीको आन्तरिक कामकाज सरुवा तथा सरुवाको लागि सहमति प्रदान गर्ने सम्बन्धमा । | यस महाकुलुङ गाउँपालिका अन्तर्गतका विद्यालयम कार्यरत शिक्षक कर्मचारीहरुको देहाय वमोजिम कामकाज सरुवा पदस्थापन तथा सहमती प्रदान गर्ने निर्णय गरियो।<br>१) युवा आविमा, वडा नं. ५ मा कार्यरत प्रावि शिक्षक श्री सुवास राई लाई खिरौले आविमा कामकाज पदस्थापन गर्ने ।<br>२) पेल्माङ आवि, पेल्माङमा छेस्काम आवि, छेस्काममा कार्यरत प्रावि शिक्षक श्री मित्रीधन कुलुङलाई कामकाज पदस्थापन गर्ने ।<br>३) युवा आवि, निम्चोलामा कार्यरत कार्यालय सहयोगी श्री लामाकाजी शेर्पा लाई सहिद स्मृति आवि, सानोसाद्धिमा कामकाज पदस्थापन गर्ने।<br>४) खिरौले आविमा कार्यरत प्रावि शिक्षक श्री चन्द्रवीर कुलुङलाई चोमोलुङमा आविमा कामकाज पदस्थापन गर्ने ।<br>५) छेस्काम आवि, छेस्काममा जनसेवा आवि, खुम्बु पासाङल्हामु गाउँपालिका-३ मा कार्यरत प्रावि शिक्षक श्री बिमला कुलुङलाई सहमति दिने व्यवस्था गर्ने । |
| ९ | वजेट थप गर्ने सम्बन्धमा। | यस महाकुलुङ गाउँपालिकाको आर्थिक सहयोगमा संकलन तथा सम्पादन भई प्रकाशन हुने क्रममा रहेको "महाकुलुङ क्षेत्रमा प्रचलित तोस, नोक्छो र तोसखम" पुस्तक प्रकाशनको लागि रकम अपुग भएको भनी निवेदन भएको हुँदा सो योजना, कार्यक्रममा अपुग वजेट रकम रु. २ लाख ८० हजार थप गरी वजेट निकाशा दिने र सो थप गरिने वजेट रकम महाकुलुङ गाउँपालिका अन्तर्गतको योजनाको कन्टेन्जेन्सी वा अन्य स्रोतबाट व्यवस्थापन गर्ने निर्णय गरियो । |